आज मिति २०८०/१२/२२ गते बिहीबार दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको एघारौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्ण बहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जाल बहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्र बहादुर बस्नेत | — |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | — |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | — |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | मोहनकुमार श्रेष्ठ | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अधिकृतस्तर छैठौं | रामबहादुर न्यौपाने | |

सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको एघारौं बैठकको कार्यसूचि

१. विगका निर्णयको समीक्षा सम्बन्धमा ।

२. वडा नं. ५ मा रहेको रतनकोट वस्ती संरक्षण सम्बन्धमा ।

३. सुनकोशी गाउँपालिकालाई कार्यक्षेत्र बनाइ कामकाज गर्ने प्रहरी चौकी तथा कार्यालयलाई उपलब्ध गराउने इन्धन सम्बन्धमा ।

४. चालू आर्थिक बर्षको दोस्रो चौमासिक प्रगति समीक्षा कार्यक्रम सम्बन्धमा ।

५. सुनकोशी-१ ठोकर्पामा रहेको सिन्धु विकास बैङ्क लगायत रहेका भवनको जग्गा स्वामित्व तथा सो भवनको भाडा र वडा नं. ५ सुनखानीमा रहेको नेपाल टेलिकमको टावरको भाडा सम्बन्धमा।

६. जिल्ला समन्वय समिति सिन्धुपाल्चोक, चौताराको समपुरकमा अनुदानमा योजना सञ्चालनको लागि प्रस्ताव गर्ने सम्बन्धमा ।

७. संघीय सरकारको सशर्त अनुदानमा रहेको स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता शीर्षकबाट सबै स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने स्टेशनरी तथा मसलन्द सामग्री, पाङ्ग्रेटार स्वास्थ्य चौकीको लागि आवश्यक फर्निचर तथा Vaccine Subcentre स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा ।

८. गाउँपालिकाका वडा नं. ७ मा सम्पन्न कापिङ भञ्ज्याङ पहिरो नियन्त्रण, कापिङ माझटोल वस्ती संरक्षण र कालीदेवी वस्ती संरक्षण योजनाको रकम भुक्तानी सम्बन्धमा ।

९. संघीय सरकारलाई अनुरोध गर्ने सम्बन्धमा ।

१०. बागमती प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदानमा सञ्चालित जिमाल टोल माख्लो गाँउ सडक सुनकोशी-७ सम्बन्धमा ।

## निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा दशौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको वडा नं. ५ मा रहेको रतनकोट सुनखानी सडक गाउँपालिकाको एक्साभेटरले चौडा गर्ने क्रममा लनम दोर्जे लामा, गणेशबहादुर थापा, बेत्रबहादुर थापा, ठिनम लागमा तथा शेरप दोर्जे लामा लगायतका घर-गोठ तथा जग्गा रहेको करिब ६५ मिटर लामो

भूभाग पहिरोको उच्च जोखिममा रहेको हुँदा उक्त वस्ती संरक्षण गर्न उपर्युक्त शीर्षकबाट खर्च गर्ने गरी प्राविधिक लागत अनुमान बमोजिम तयार गरी योजना सञ्चालन विधि तथा सो को लागत व्यहोर्ने श्रोतको सम्बन्धमा अध्ययन तथा सिफारिस गर्न तपसिल बमोजिम समितिले दिएको प्रतिवेदनको आधारमा उक्त योजना सञ्चालन गर्ने निर्णय गरियो:-

| क्र.सं. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १. | इश्वरप्रसाद तिमल्सिना ७ नं. वडा अध्यक्ष | संयोजक | |
| २. | पूर्णबहादुर महत २ नं. वडा अध्यक्ष | सदस्य | |
| ३. | इश्वर तामाङ ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ४. | जालबहादुर तामाङ ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ५. | बाबुकाजी रोक्का | सदस्य-सचिव | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सुनकोशी गाउँपालिकालाई कार्यक्षेत्र बनाइ कामकाज गर्ने प्रहरी चौकी तथा कार्यालयले समय समयमा इन्धन माग गर्दै आएको र कार्यालयले समेत उपलब्ध गराउँदै समेत आएको,

उक्त चौकी तथा कार्यालयले मासिक रुपमा अधिक इन्धन माग गर्ने गरेको र माग गरे बमोजिम सम्बोधन गर्न नसकिएको हुँदा बढीमा मासिक १५ लिटर नबढ्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा चालू आर्थिक बर्ष २०८०/०८१ को दोस्रो चौमासिक प्रगति समीक्षा कार्यक्रम २०८१ बैसाखको दोस्रो हप्ताभित्र सञ्चालन गर्ने सबै वडा कार्यालय र सबै विषयगत शाखाको अनिवार्य प्रस्तुती गर्न व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (छ) बमोजिम सुनकोशी-१ ठोकर्पामा रहेको सिन्धु विकास बैङ्क लगायत रहेका भवन तथा जग्गा र वडा नं. ५ सुनखानीमा रहेको नेपाल टेलिकमको टावर रहेको जग्गा स्थानीय सरकार अर्थात गाउँपालिकाले संरक्षण तथा सुरक्षा गर्दै सोको भाडा वापतको आम्दानी समेत गाउँपालिकाको मातहत ल्याउने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिमको वडाहरुमा तपसिल बमोजिमका योजनाहरु जिल्ला समन्वय समिति सिन्धुपाल्चोक, चौतारासँग समपुरक



रविन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

अनुदानमा सञ्चालन गर्ने गरी छनौट गरी पठाउने र जिल्ला समन्वय समितिबाट छनौट भई आएका योजनामा नियमानुसार लागत सहभागिता समेत व्यहोर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पहरी वस्ती सामुदायिक भवन तल्ला थप | १ | २३,२१,९५९। | |
| २. | भ्यु टावर जाने सिँढी निर्माण | २ | १,००,००,०००। | |
| ३. | रैकर डाँडा तित्रे सडक स्तरोन्नती | २ | १,००,००,०००। | |
| ४. | ३ नं. वडा कार्यालय भवन तल्ला थप | ३ | ७५,००,०००। | |
| ५. | यमुना डाँडा एक घर एक धारा योजना | ४ | १,६४,६३,१०१। | |
| ६. | भुमेश्वरी मा.वि. मर्मत झ्यालढोका तथा रंगरोगन | ५ | ८,२५,९४७। | |
| ७. | मेलचौर पेन्डिङ्ग पँधेरो खानेपानी ट्याङ्की निर्माण | ५ | २२,७३,८८४। | |
| ८. | स्वास्थ्य चौकी भवन निर्माण | ६ | २,००,००,०००। | |
| ९. | वडा कार्यालय परिसर मर्मत सुधार | ६ | २५,००,०००। | |
| १०. | पाङ्ग्रेटार स्वास्थ्य इकाइ भवन मर्मत सुधार | ७ | ३०,००,०००। | |
| ११. | जुगेपानी खोलेखेत खानेपानी योजना | ७ | ५०,००,०००। | |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्वास्थ्य तर्फको कार्यक्रम सञ्चालन निर्देशिका, २०८०/०८१ अनुसार संघीय सरकारको सशर्त अनुदानमा उल्लेखित स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता शीर्षकको बजेट बाँडफाँटमा कर्मचारीहरुको तलब, महंगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत अनिवार्य दायित्वमा बाहेक अन्य शीर्षकमा रकम विनियोजन गर्न नपाइने व्यवस्था भएको हुँदा सबै स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने चालू प्रकृतिको खर्च, स्टेशनरी तथा मसलन्द सामग्री संस्था सञ्चालनार्थ अनिवार्य रुपमा आवश्यक पर्ने, पाङ्ग्रेटार स्वास्थ्य चौकी स्थानान्तरण हुँदा फर्निचर फर्निचर तथा आवश्यक उपकरण अति आवश्यक भएको, पाङ्ग्रेटार स्वास्थ्य चौकी Vaccine Subcentre स्थापना गरी नियमित भ्याक्सिन ढुवानी खर्च अनिवार्य हुने र साविक पाङ्ग्रेटार स्वास्थ्य चौकीको घेराबार तथा संरक्षण गरी सरकारी भवनको उचित व्यवस्थापन समेत गर्न अनिवार्य देखिएको हुँदा सो शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

उपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा सुनकोशी गाउँपालिकाको गाउँसभाबाट स्वीकृत कार्यक्रम/बजेट अन्तर्गत वडा नं.७ का कापिङ माझटोल बस्ती संरक्षण, कालिका देवी बस्ती संरक्षण र कापिङ भञ्याङ पहिरो नियन्त्रण योजनाहरु अनुगमनको सिलसिलामा केही सार्वजनिक स्थलमा र व्यक्तिगत जग्गामा मेसनरी वाल लगाउने कार्य भएको हुँदा तीन वटै योजनाहरु विपद् व्यवस्थापन शीर्षकबाट कार्यान्वयन गर्न सकिने हुँदा सोही अनुरुप उक्त योजनाहरु कार्यान्वयन गरी अन्तिम भुक्तानीका गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा सुनकोशी गाउँपालिकाको वडा नं. २ मा रहेको तपसिल बमोजिमको योजनाहरु गाउँपालिका आफैले गर्न श्रोत अभावको कारण कठिन रहेको र उक्त सडकहरु निर्माण नहुँदा सर्वयाम सडक सञ्चालन नहुने भएकोले तपसिल बमोजिमको सडकहरु स्तरोन्नतीको लागि नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सडक विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

१. बाहुकिलो बेखसिम्ले सडक स्तरोन्नती

२. सिम्ले-चौरगाउँ-तित्रे सडक स्तरोन्नती

३. मानेपाखली टोल सडक स्तरोन्नती

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ७ मा रहेको जिमाल टोल माख्लो गाँउ सडक स्तसेन्नती बागमती प्रदेश सरकारबाट यस आर्थिक बर्षमा हस्तान्तरित समपुरक अनुदान तथा गाउँपालिकाको पचास प्रतिशत समपुरक रकम गरी रु. दुई करोड विनियोजन भएकोमा सो को लागि आव्हान भएको शिलबन्दी बोलपत्रको माध्यमबाट छनौट भएको बोलपत्रदाताबाट सम्झौता बमोजिम कार्य सम्पन्न भई प्राविधिक मूल्याङ्कन बमोजिम रु. १,१८,६१,५५४।५६ भुक्तानी भईसकेको र प्रदेश समपुरक तर्फ अझै रु. ४०,६९,२२२।७२ बचत हुन गएको र सोही सडकको केही भाग स्तरोन्नती तर्फ नाला र ढलान गर्न बाँकी रहेको हुँदा प्रदेश समपुरक तर्फको रकमबाट प्राविधिक लागत अनुमान तयार गरी लागत अनुमान बमोजिम उपयुक्त माध्यमबाट उक्त निर्माण कार्य सम्पन्न गर्न निर्णय गरियो ।

रविन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष